# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ १२ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लालकाजी गुरुङ्ग
२. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री विरोध खतिवडा
६. मा० श्री विष्णु शर्मा
७. मा० श्री शान्तिमाया तामाङ (पाख्रिन)
८. मा० श्री सत्यनारायण शर्मा खनाल
९. मा० श्री सत्य पहाडी
१०. मा० श्री सरिता कुमारी गिरी
११. मा० श्री सिताराम महतो
१२. मा० श्री सुजाता परियार
१३. मा० श्री सूर्यप्रसाद पाठक
१४. मा० श्री स्मृतिनारायण चौधरी
१५. मा० श्री हृदयेश त्रिपाठी
१६. मा० श्री ज्ञानकुमारी छन्त्याल
१७. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पम्फा भुषाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री सरिता गिरी
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री पदम गिरी
७. मा० श्री सञ्जय कुमार गौतम
८. मा० श्री रुही नाज
९. मा० श्री नवराज सिलवाल
१०. मा० श्री दलबहादुर राना

तत्पश्चात प्रारम्भ भएको अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुबाट सोधिएका प्रश्नहरुको मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उत्तर दिनुभयो :-

| प्रश्नकर्ता | पुरक प्रश्नकर्ताहरु |
|---|---|
| प्रश्न नं. २९<br>मा० श्री प्रेम सुवाल | १. मा० श्री प्रेम सुवाल<br>२. मा० श्री महेश बस्नेत<br>३. मा० श्री सरिता गिरी |
| प्रश्न नं. ३०<br>मा० श्री रामबहादुर विष्ट | १. मा० श्री रामबहादुर विष्ट<br>२. मा० श्री सूर्यप्रसाद पाठक<br>३. मा० श्री सञ्जय कुमार गौतम |

त्यसपछि सम्माननीय सभामुखले आजको प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री सोमप्रसाद पाण्डेयले “औद्योगिक व्यवसाय विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले “विकास तथा प्रविधि समितिको प्रतिवेदन सहितको विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि विकास तथा प्रविधि समितिको प्रतिवेदन सहित विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री सरिता गिरी

तदुपरान्त सम्माननीय सभामुखले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५" का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५" का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३६ सम्म "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले भिडियो कन्फरेन्स मार्फत् सम्माननीय प्रधानमन्त्रीले मन्त्रिपरिषद्का सदस्यहरुलाई सामूहिक रुपमा निर्देशन दिने कार्य गर्नुभएको र सो दिन मन्त्रिपरिषद्को औपचारिक बैठक नबसेको भन्नुहुँदै सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नु भएको प्रश्नको सम्बन्धमा मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री प्रकाश रसाईली (स्नेही)
३. मा० श्री सरिता गिरी
४. मा० श्री प्रेम सुवाल

तदनन्तर बैठक २०७६ साल भदौ १८ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव